मिति: २०८१/०९/२२
समय: दिनको २:०० बजे

आज मिति २०८१ साल पौष महिनाको २२ गते विहिबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको तिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

<u>उपस्थिति:</u>

| क.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सोबिता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, श्री वीर बहादुर खड्का | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, श्री मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर सातौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ६. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ७. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ८. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ९. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | |
| १०. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.१:- १४ औं नगरसभाको कार्यसुची निर्धारण सम्वन्धमा

यस नगरपालिकाको मिति २०८१ पौष २९ गते सोमबार विहान ११:०० बजे नगरपालिकाको सभा हलमा हुने १४ औं नगर सभा (हिउँदे) मा छलफल तथा निर्णयका लागि नगर सभाको कार्यसुची देहाय बमोजिम निर्धारण गरी पेश गर्ने निर्णय गरियो ।

१) नगरपालिकाको लागि आवश्यक विधेयकहरु पेश गर्ने सम्वन्धमा ।

२) आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम थप गरी पेश गर्ने सम्वन्धमा ।

३) लेखा समिति र न्यायीक समितिको प्रतिवेदन पेश गर्ने सम्वन्धमा ।

४) आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

५) नगरकार्यपालिका बैठकको निर्णयहरु अनुमोदन सम्वन्धमा ।

६) विविध सम्वन्धमा ।

निर्णय नं.२:- भुक्तानी दायित्व सम्वन्धमा ।

यस नगरपालिकाको वडा नं.१ ओखेनी चिलाउनेमा आ.व.०७९/०८० मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) क्र.स.(११८३) ओखेनी खानेपानी टयाङ्की निर्माण योजना रु.२५,००,०००/- (रु.पच्चिस लाख मात्र) र सोही स्थानमा ओखेनी सिंचाई योजना रु.२५,००,०००/- बजेट विनियोजन भई मिति २०७९/१२/१२ मा यस नगरपालिका र ओखेनी खानेपानी वितरण उपभोक्ता समिति र खानेपानी टयाङ्की निर्माण उपभोक्ता समिति वीच मिति २०८०/०१/३० र मिति २०८१/०२/०५ मा सम्पन्न गर्ने गरी सम्झौता भई कार्य संचालन हुदै आएको र भौगोलिक कठिनाई पर्याप्त सामान समयमा उपलब्ध हुन नसकेकाको कारण तोकिएको समयमा सम्पन्न हुन नसकी आ.व.०८०/०८१ मा सम्पन्न गर्ने गरी क्रमागत गरी योजना संचालन गरिएकोमा सो समय अवधि भर पनि कार्य सम्पन्न हुन नसकेकोले क्रमागत गर्ने निर्णयमा राखी आ.व.०८१/०८२ को पौष मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी राखिएकोमा आ.व.०८१/०८२ को भुक्तानी दायित्वमा उल्लेखित दुई वटा योजना छुट हुन गएकोले र ०८१ पौष मसान्तको अवधिमा कार्य सम्पन्न समेत भई आएकोले उक्त योजनाहरुलाई यस आ.व.को भुक्तानी दायित्व शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.३ः- खानेपानी मर्मत सम्वन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट यस नगरपालिकालाई प्राप्त भई यस कार्यालयको विविध खातमा आम्दानी बाँधिएको रकम रु.१,८८,००,०००/- (रु.एक करोड अठासी लाख मात्र) बाट खर्च लेखिने गरी रु.५०,००,०००/- लाख रकम खानेपानी मर्मत तथा लाइन विस्तारमा विनियोजन गर्ने र चौधौं नगर सभा (हिउँदे) बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४ः- विपद व्यवस्थापनको लागि अपुग बजेट सम्बन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट यस नगरपालिकालाई प्राप्त भई यस कार्यालयको विविध खातमा आम्दानी बाँधिएको रकम रु.१,८८,००,०००/- (रु.एक करोड अठासी लाख मात्र) बाट खर्च लेखिने गरी रु.५०,००,०००/- लाख रकम विपद व्यवस्थापनमा विनियोजन गर्ने र चौधौं नगर सभा (हिउँदे) बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५ः- सन्डोल खोलामा ह्युमपाइप राखे सम्बन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट यस नगरपालिकालाई प्राप्त भई यस कार्यालयको विविध खातमा आम्दानी बाँधिएको रकम रु.१,८८,००,०००/- (रु.एक करोड अठासी लाख मात्र) बाट खर्च लेखिने गरी रु.११,००,०००/- लाख रकम सन्डोल खोलामा ह्युम पाइप राख विनियोजन गर्ने र चौधौं नगर सभा (हिउँदे) बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ः- अनुमोदन सम्बन्धमा ।

यस नगरपालिकाको मिति २०८१/०९/०९ देखि मिति २०८१/०९/२१ सम्मको उपचार खर्च वापत खर्च, नगर उप प्रमुख कार्यक्रम र नगर प्रमख कार्यक्रमबाट भएको देहाय वमोजिमको खर्चहरु अनुमोदन गरियो ।

१. असाध्य रोग अनुदान तथा विपन्न उपचार सहयोग

| क्र.सं | बिरामिको नाम थर | उपचार वापतक रकम |
|---|---|---|
| १ | वद्रि प्रसाद पौडेल | २००००/- |
| २ | छिरिङ्ग लामा | २००००/- |
| ३ | संगिता चौलागाई ढकाल | २००००/- |
| ४ | सिताराम कुइकेल | १५०००/- |



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौं कार्यपालिका बैठकको निर्णय

२. नगर उपप्रमुख कोषबाट

| क.स. | विवरण | वापत | रकम रु. |
|---|---|---|---|
| १ | सम विकासका लागी नव भूमि | लागु औषध दुर्वेसनी कार्यक्रम | ९९०००/- |

३. नगर प्रमुख कोषबाट

| क.स. | विवरण | वापत | रकम रु. |
|---|---|---|---|
| १ | निमिता रेग्मी | आथिक सहयोग वापत | ५००००/- |
| २ | शिव साउण्ड | बौद्ध स्तुप क्लब लाइ सामाग्रि खरिद वपात | ९९०००/- |
| ३ | अभ्युदय ट्रेड सर्कल | समितिलाइ फर्निचर सामाग्रि खरिद वापत | १९९८४०/- |
| ४ | दुर्गा राना मगर | रक्तदान कार्यक्रम वापत | २५०००/- |
| ५ | तैरन बानु मियाँ | आथिक सहयोग वापत | १००००/- |
| ६ | श्री देवि बालसुधार माध्यमिक विद्यालय | विद्यालयको वार्षिक उत्सव कार्यक्रम वापत | १०००००/- |
| ७ | ओम होम ल्याण्ड इन्टरप्राइजेज | शिवशक्ति योग केन्द्रका लागि आवश्यक कार्पेट खरिद वापत | ४६९९७/- |
| ८ | नेपाल लोकतान्त्रिक संस्थागत तथा निजी विद्यालय शिक्षक संघ(निष्टा) | कार्यक्रम वापतको रकम वापत | ३००००/- |
| ९ | शिखर छ्हारी सांस्कृतिक कला केन्द्र | गिनिज वर्ल्ड रेकर्ड ब्रेक गरि विश्व सामु नेपाल लाइ चिनाए वापतको आर्थिक सहयोग वापत | ९९०००/- |
| १० | गराडोल कभर्ड हल निर्माण उपभोक्ता समिति | ग्राभेल हालेवापत | ९८३१०/- |
| ११ | श्री ऋषेश्वर महादेव मन्दिर संरक्षण समिति | कार्यक्रम वापतको वापत | १०००००/- |
| १२ | चिनारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | महाकालि मन्दिर स्तरन्नोति वापत | ४९३७६५/- |
| १३ | सहकार्य महिला समूह | कार्यक्रम संचालन वापत | १०००००/- |
| १४ | दुर्गा राना मगर | रक्तदान कार्यक्रम वापत | २५०००/- |
| १५ | धनलक्ष्मी गुरुङ्ग | वडा नं. ५ प्रगतिमार्ग डोलगाल क्षेत्र र तरकारी वजारसम्मका पोलहरुमा बत्ति जडान वापत | ६५५००/- |
| १६ | सरला राइ | कार्यक्रम संचालन वापत | ७५०००/- |



Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.७:- विविध सम्बन्धमा ।

७.१) मिति २०८१ पौष २३ गते देखि २५ गते सम्म यस नगरपालिकाका विषयगत समितिहरुको बैठक बस्ने र उक्त बैठकबाट सिफारिस भई आएका विषयहरु र १४औं नगर सभाको कार्यसुचीहरुका सम्बन्धमा छलफल गर्न मिति २०८१/०९/२६ गते एकतिसौं कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

७.२) यस नगरपालिकाको वडा नं.६ का वडा अध्यक्ष श्री नवराज लामा विरामी परी उपचार गर्नु भएकोले आ.व.०८१/०८२ को नगर स्तरीय स्वास्थ्य सम्बन्धी कार्यक्रमबाट खर्च लेखिने गरी रु.६३,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

७.३) यस नगरपालिका वडा नं.३ स्थित गाम्चामा जाने पुलदेखि कालदह सम्म जाने खोलाको दायाँ बायाँ पर्खाल निर्माण कार्य अपुरो भएकोले स्थानीय उपभोक्ता समितिले ५०% लागत सहभागिता जनाउने गरी नगरपालिकामा बाँकी ५०% का लागि वडा कार्यलयको सिफारिस सहित माग भएकोले यस नगरपालिकाको आ.व.०८१/०८२ को पूँजिगत तर्फको नगर भित्रको सहलगानी (जनसहभागीता ५०/५०) अन्तरगतबाट नगरपालिकाले व्यहोर्ने ५०% बापतको रु.१८,००,०००/- रकम विनियोजन गरी पर्खाल निर्माणको कार्य गर्ने निर्णय गरियो ।

७.४) यस नगरपालिका वडा नं.९ स्थित श्री अरुणोदय माध्यामिक विद्यालयको भौतिक निर्माणका लागि उपभोक्ता समितिले ५०% लागत सहभागिता जनाउने गरी नगरपालिकामा बाँकी ५०% का लागि वडा कार्यलयको सिफारिस सहित माग भएकोले यस नगरपालिकाको आ.व.०८१/०८२ को पूँजिगत तर्फको नगर भित्रको सहलगानी (जनसहभागीता ५०/५०) अन्तरगतबाट नगरपालिकाले व्यहोर्ने ५०% बापतको रु.९,००,०००/- रकम विनियोजन गरी ~~पर्खाल~~ निर्माणको कार्य गर्ने निर्णय गरियो ।

७.५) यस नगरपालिका वडा नं.९ स्थित शिवपुरी चोकमा गेट निर्माणका लागि उपभोक्ता समितिले ५०% लागत सहभागिता जनाउने गरी नगरपालिकामा बाँकी ५०% का लागि वडा कार्यलयको सिफारिस सहित माग भएकोले यस नगरपालिकाको आ.व.०८१/०८२ को पूँजिगत तर्फको नगर भित्रको सहलगानी (जनसहभागीता ५०/५०) अन्तरगतबाट नगरपालिकाले व्यहोर्ने ५०% बापतको रु.५,००,०००/- रकम विनियोजन गरी ~~पर्खाल~~ गेट निर्माणको कार्य गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौं कार्यपालिका बैठकको निर्णय

७.६) यस नगरपालिका वडा नं.१ स्थित ओखेनीको सुन्दरी देवि कृषि तथा पशुपंक्षी कृषक समूहले संचालन गरेको तरकारी खेति व्यावसायका लागि २०० रोपनी जग्गा २५ जना कृषकहरुका लागि बेमौसमी तथा मौषमी तरकारी खेतीका लागि सिंचाईको व्यवस्था गर्न सुन्दरी देवि कृषि तथा पशुपंक्षी कृषक समूहले ५०% लागत सहभागिता जनाउने गरी नगरपालिकामा बाँकी ५०% का लागि कृषि शाखाबाट सिफारिस सहित माग भएकोले यस नगरपालिकाको आ.ब.०८१/०८२ को पूँजिगत तर्फको नगर भित्रको सहलगानी (जनसहभागीता ५०/५०) अन्तरगतबाट नगरपालिकाले व्यहोर्ने ५०% बापतको रु.२,५०,०००/- रकम विनियोजन गरी पर्खाल निर्माणको कार्य गर्ने निर्णय गरियो ।

७.७) नेपाल सरकार सहरी विकास मन्त्रालय मार्फत आ.ब. ०८१/०८२ को स्वीकृत बार्षिक बजेट भित्र सहरी विकास मन्त्रालय अन्तरगत नं.११.४.२२.१७६६१ को "काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिकामा सामुदायिक पुस्तकालय भवन निर्माण कार्य" शिर्षक अन्तर्गत रु.५०,००,०००/- बजेट विनियोजन भएको योजना यस नगरपालिका वडा नं९ स्थित रहेको रमेश विकल साहित्य प्रतिष्ठानको पुस्तकालय विस्तार तथा स्तरोन्नतिका लागि स्थानीय उपभोक्ता समिति मार्फत सम्झौता गरी योजना संचालन गर्ने निर्णय गरियो ।

७.८) आर्थिक वर्ष ०८१/०८२ मा भुक्तानी दायित्वमा राखिएको वडा नं.१ सोनम छोइलिङ्ग गुम्बा स्तरोन्नती रु१०,००,०००/- को योजना र वडा नं.१ साविक सुन्दरीजल ६ को सामुदायिक भवनर रु.१०,००,०००/- को योजना को सम्झौताको कार्य छुट हुन गएकोले मिति २०८१/०९/१६ मा सम्झौता भएको वडा नं.१ सोनम छोइलिङ्ग गुम्बा स्तरोन्नती रु१०,००,०००/- (नगर स्तरीय योजना आ.ब.०८१/०८२ पूजिगत तर्फको भुक्तानी दायित्व क्र.स.२६) को योजना सम्झौतालाई अनुमोदन गर्ने र वडा नं.१ साविक सुन्दरीजल ६ को सामुदायिक भवनर रु.१०,००,०००/-((नगर स्तरीय योजना आ.ब.०८१/०८२ पूजिगत तर्फको भुक्तानी दायित्व क्र.स.२७) को योजना सम्झौता गर्ने निर्णय गरियो ।

७.९) आ.ब.०८१/०८२ को वडास्तरीय योजना पूर्वाधार विकास क्र.स.४ को वडा नं. ७ चारधाम मन्दिर परिसर भित्र निर्माणाधिन भवनको तल्दा थप रु.३४,००,०००/- को योजना स्थानीय, उपभोक्ता समिति सँग सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०९/२२ गतेको तिसौ कार्यपालिका बैठकको निर्णय

७.१०) आ.ब.०८१/०८२ को नगरस्तरीय पुँजिगत तर्फको क्र.स.३ को योजना माइति नेपाल पाखायोक सडक दिपक थापाको घरदेखि बह्रुर पालन सम्म रु.३०,००,०००/- को योजना स्थानीय उपभोक्ता समिति सँग सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

७.११) आ.ब.०८१/०८२ को नगरस्तरीय पुँजिगत तर्फको क्र.स.१३ को योजना वडा नं. ६ कार्यालय अगाडीको बालमा सौन्दर्यिकरण रु.३०,००,०००/- को योजना स्थानीय उपभोक्ता समिति सँग सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

७.१२) काठमाडौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, काठमाडौले यस नगरपालिकालाई उपलब्ध गराएको Sewer cleaning equipments ( jet Machine ) गाडी थान -१ र Suction Pump गाडी थान -१ को नगरपालिकाको तर्फबाट व्यहोर्न पर्ने रकम रु.१७,००,०००/- जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट यस नगरपालिकालाई प्राप्त भई यस कार्यालयको विविध खातमा आम्दानी बाँधिएको रकम रु.१,८८,००,०००/- (रु.एक करोड अठासी लाख मात्र) बाट खर्च लेखिने गरी काठमाडौ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय, काठमाडौलाई भुक्तानी गर्ने निर्णय गरियो ।

७.१३) वडा नं.८ ओम बुद्द टोलमा सि.सि. टि.भि. जडान गर्न नगर स्तरिय सूचना प्रविधि चालू तर्फको क्र.स.२ कम्प्युटर सफ्टवयर आई.टी. सम्बन्धी संचालन तालिम शिर्षकको रु.५,००,०००/- बजेटबाट खर्च लेखिने गरी रु.३,००,०००/- रकमान्तर गरी वडा नं.८ ओम बुद्द टोलमा सि.सि. टि.भि. जडान गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

७.१४) यस नगरपालिकामा ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, ईन्जिनियर अधिकृतस्तर सातौं तहमा कार्यरत कर्मचारी श्री अशोक वाग्ले (कर्मचारी संकेत नं. २३६८१७) लाई यस नगरपालिकाको मिति २०८१/०९/११ गतेको कार्यपालिका बैठकको निर्णयानुसार स्थानीय तहले अध्ययन अवधिभरमा कुनै पनि किसिमको तलब भत्ता उपलब्ध गराउन नसक्ने गरी बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम अष्ट्रेलियाको University of Western Australia, Perth मा ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह अध्ययनको लागि अध्ययन पूर्व स्वीकृति प्रदान गरिएकोमा मिति २०८१/०९/२१ गते निज श्री अशोक वाग्ले (कर्मचारी संकेत नं. २३६८१७) ले मिति २०८१/११/१२ गते देखि लागू हुने गरी पूर्वस्वीकृति लिएकै विश्वविद्यालय र अध्ययन कार्यक्रममा अध्ययन गर्न बेतलबी अध्ययन बिदा स्वीकृत गरिदिनुहुन भनी निवदेन पेश गरेकोले बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम माथि उल्लेखित तहमा अध्ययनका लागि निज श्री अशोक वाग्ले (कर्मचारी संकेत नं. २३६८१७) को मिति २०८१/११/१२ गते देखि २०८३/११/११ गते सम्म २ (दुई) वर्ष बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

७.१५) यस नगरपालिका अन्तर्गतको श्री जोरापटी स्वास्थ्य चौकीमा कार्यरत नेपाल स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समूह, जनस्वास्थ्य निरीक्षक, अधिकृत छैठौं तहको कर्मचरी श्री उदय कुमार महतो (क.सं.नं. १९८५१८) ले मिति २०८१/०९/१४ गते यस कार्यालयमा पेश गरेको निवेदनबाट श्री संघीय मामिला तथा समान्य प्रशसान मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३१५, मिति २०८१/०८/१९ गतेको वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनय गर्ने सम्वन्धिको सूचना अनुसार मित्र राष्ट्र दक्षिण कोरियाद्वारा सन् २०२५ मा संचलन हुने Yonesei University मा स्नातकोत्तर तहमा Global Health Security वियषमा अध्ययन गर्न अध्ययन मनोनय माग गरिएकोले बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार निजको सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने माथि उल्लेखित विषयमा अध्ययन गर्न मनोनयन गरी आवश्यक कार्यार्थको लागि सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।



Scanned with CamScanner